दर्ता नं. ३३
२०७३/०२/०५
(का.व्य)

संघीय संसद
राष्ट्रिय सभा

श्री कार्यव्यवस्था महाशाखा
आ.का.
राजेन्द्रकुमार
०५/०२/२०७३

श्री सचिव
राष्ट्रिय सभा ।

राष्ट्रिय सभा नियमावली (पहिलो संशोधन), २०७५ को नियम ७८ वमोजिम देहाय वमोजिमको संकल्प प्रस्ताव पेश गर्न अनुमतिका लागि सूचना दिएका छौ ।

श्री दशरथ
आ.का.
२०७३/२/३

संकल्प

ऐतिहासिक संविधानसभाद्धारा २०७२ मा जारी नेपालको संविधानको विधिवत कार्यान्वयन २०७४ को चुनावपश्चात भएको हो । संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था संविधानको मेरुदण्ड हो । यस वमोजिमको अभ्यासका क्रममा केही उपलव्धिहरु भएका छन । सिंहदरवारको अधिकार नागरिकको घरदैलोसम्म पुगेको छ । सानातिना कामका लागि केन्द्रसम्म धाईरहनुपर्ने परिस्थितीको अन्त्य भएको छ । राज्यका हरेक अंगमा समानुपातिक, समावेशी र सहभागितामूलक प्रतिनिधित्वको सुनिश्चित भएको छ । नागरिक सार्वभौमसत्तासम्पन्न भएका छन । तर कार्यान्वयन तहमा देखिएका कमजोरीका कारण नागरिकमा असन्तोष वढेको आभाष भएको छ । केन्द्रिकृत राज्यव्यवस्था परिवर्तनसँगै नागरिकले स्थायी शान्ति, सुशासन, दिगो विकास र समृद्धिको ठूलो अपेक्षा लिएतापनि सो वमोजिम काम हुन सकिरहेका छैनन ।
सरकारका तहहरुबीचको सम्वन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तका आधारमा हुने संविधानको व्यवस्था भएतापनि यसको पालना राम्रोसँग भएको देखिदैन । अपर्याप्त जनशक्तिका कारण प्रदेश र स्थानीय तहले अपेक्षाकृत उपलव्धि हासिल गर्न सकिरहेका छैनन । विना औचित्य शशर्त अनुदानका नाममा स-साना कार्यक्रम तथा योजनाहरु प्रदेश र स्थानीय तहमा पठाउने गरिएको छ । अधिकार र जिम्मेवारी प्रदेश र स्थानीय तहमा गएतापनि विभिन्न परियोजनाको नाममा संस्थागत संरचना थपगर्ने प्रवृत्ति मौलाएको छ । सरकारका तहहरु र राज्यसंरचनाबीचको गतिशीलता,सहकार्य र समझदारीमा कमीका कारण नागरिकप्रतिको जवाफदेहिता र उत्तरदायित्वको भावनामा ह्रास आएको छ ।
कसिलो अन्तरतहसम्वन्ध, सवल वित्तीय संघीयता, कामयावी प्रशासनिक संघीयता, कानून तर्जुमाको गतिशिलता र नागरिकमा सेवा प्रवाहको प्रवाभकारितामा मात्रै सुधार हुने हो भने संघीयताको कार्यान्वयनमा खासै समस्या रहदैन । यसै परिप्रेक्ष्यमा संघीय शासनप्रणालीको सवलीकरण लगायतमा नेपाल सरकार र अन्य सरोकारवाला निकायहरुको यथेष्ट ध्यानाकर्षणका लागि देहायअनुसारको व्यहोरा निर्देशन हुन यो संकल्प प्रस्ताव प्रस्तुत गर्दछौ ।

निर्देशन :

१. अन्तरतहसमन्वयकारी संस्थाहरु क्रियाशील गराउन ।
२. सरकारका तहहरुबीचको कार्यक्षेत्रमा देखिएको दोहोरोपनाको अन्त्य गराउन आवश्य कानूनी व्यवस्था गर्ने ।
३.सरकारका तहहरुबीचको नीति निर्माण र कानून तर्जुमाका बीचमा तादम्यता कायम गराउन ।
४.अन्तरप्रदेश परिषद वैठकको २०७५ मार्गमा अनुमोदित २९ वुंदे संघीयता कार्यान्वयन सहजीकरण कार्ययोजनाको पूर्ण कार्यान्वयन गर्न ।
५.अधिकार र कार्यवोझका आधारमा मात्र संस्थागत संरचनाहरु निर्माण गराउन ।
६.शशर्त अनुदानका नाममा स-साना योजना तथा कार्यक्रमहरु वाँडफाँड बन्द गराउन ।
७. सहभागितामूलक योजनातर्जुमा पद्धतीलाई कार्यान्वयन गराउन ।

श्री जीवरजी
आ.का.

८. प्रदेश र स्थानीय तहले प्राप्त गर्ने वित्तीय हस्तान्तरणको परिमाण राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिश बमोजिम हुने संविधानको व्यवस्थाको कार्यान्वयन गराउन ।
९. प्रदेश र स्थानीय तहमा देखिएको कर्मचारीहरुको न्यूनता पुरा गर्न ।
१० प्रहरी लगायत प्रदेशमा समायोजन र हस्तान्तरण गर्न बाँकी संरचनाहरुको व्यवस्थापन गराउन ।
११. स्थानीय तहका पदाधिकारीहरुको सेवा-सुविधा (सवारी साधनसहित) मा एकरुपता कायम गराउन ।
१२. प्रदेशमा हुने मन्त्रालय र मन्त्रीको संख्यालाई चुस्त बनाउन आवश्यक गृहकार्य गराउन ।
१३. कानून तर्जुमामा तिव्रता दिन र यसको मस्यौदा निर्माणमा प्रदेश र स्थानीय तहको सहभागिता सुनिश्चित गर्न ।
१४. संघ, प्रदेश र स्थानीय तहवीचको सम्वन्धलाई सुदृढ समन्वयात्मक र सहज बनाउन आवश्यक प्रवन्ध मिलाउन , र
१५. सार्वजनिक खर्च पुनरावलोकन आयोग २०७५ को प्रतिवेदन सार्वजनिकरण र कार्यान्वयन गराउन ।

सम्वन्धित मन्त्रालय : प्रधानमंत्री तथा मन्त्रीपरिषदको कार्यालय, अर्थमन्त्रालय, संघीय मामिला तथा सामन्य प्रशासन र कानून न्याय तथा संसदीय मामिला मन्त्रालय ।

अन्तमा, संघीयता कार्यान्वयनको सवै पक्षको गहन अध्ययनका लागि संघीयता कार्यान्वयन अध्ययन तथा अनुगमन संसदीय समिति वान्छनीय देखिन्छ । समितिले सातवटै प्रदेशको (केही पालिकासमेतको) स्थलगत अध्ययन गरी यस सम्मानित संसदमा प्रतिवेदन प्रस्तुत गर्नेछ । निश्चयपनि, संघीयता कार्यान्वयन पश्चात यसले सही मार्ग लिए/नलिएका बारेमा अध्ययन-विश्लेपण आवश्यक छ ।

समर्थक

हस्ताक्षर :

नाम, थर : जितेन्द्र नारायण देव

सम्वन्धित दल : नेपाली काँग्रेस

समर्थक

हस्ताक्षर :

नाम, थर : गोपी बहादुर सार्की आछामी

सम्वन्धित दल : नेकपा, माओवादी केन्द्र

प्रस्तावक

हस्ताक्षर :

२०७३।०२।०३

नाम, थर : खिमलाल देवकोटा

सम्वन्धित दल : स्वतन्त्र

समर्थक

हस्ताक्षर :

नाम, थर : नन्दा चपाई

सम्वन्धित दल : नेकपा (एकीकृत समाजवादी)

समर्थक

हस्ताक्षर : Pramila

नाम, थर : प्रमिला कुमारी

सम्वन्धित दल : जसपा,नेपाल

समर्थक

हस्ताक्षर :

नाम, थर : देवेन्द्र दाहाल

सम्वन्धित दल : नेकपा, एमाले

मिति : २०७९/०२/०३